निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय

## सल्यान

पत्र संख्या :२०८१।०८२
चलानी नं. : ९३

मिति :२०८१।०१।०२
ने.सं. ११४५ चौलागा द्वितिया मंगलबार

श्री जिल्ला प्रशासन कार्यालय, सल्यान।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सल्यान।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सल्यान।
श्री मालपोत कार्यालय, सल्यान।
श्री नापी कार्यालय, सल्यान।
श्री जिल्ला स्थित १० वटै पालिका, सल्यान।

विषयः सूचना प्रकाशन सम्बन्धमा।

प्रस्तुत विषयका सम्बन्धमा निर्वाचन आयोगबाट प्रकाशित अनुसूची १ बमोजिमको सूचना यसै पत्र प्रकाशनका लागि तहाँ कार्यालयमा पठाइएको छ। उक्त सूचना त्यस कार्यालयको वेभसाइट तथा सूचना पाटीमा प्रकाशन गरीजानकारी पठाइदिनु हुन अनुरोध छ।

.................... ...........
(धिरेन्द्रभण्डारी)
जिल्ला निर्वाचन अधिकारी

दार्मा गाउँपालिका
दर्ता नं. ४०८६
दर्ता मिति ०८२।१।१०

खलंगा, सल्यान
०८८-५२०११०

मितव्ययिता सबै सबै सधैं

deo.salyan@election.gov.np
facebook.com/deoffice.salyan
election.gov.np/np/district/salyan

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. Ref:

# प्रेस विज्ञप्ति

## मतदाता नामावली अद्यावधिक सम्बन्धमा

मितिः २०८२/०१/०७
नेपाल संवत्: ११४५ चौलागा ७ आइतवार

निर्वाचन आयोगबाट स्वीकृत मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ बमोजिम मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन हुन लागेको छ। उक्त कार्यक्रम बमोजिम २०८१ चैत मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भएका नागरिकको विवरणलाई वि.सं. २०८२ वैशाख १ गतेबाट अद्यावधिकको प्रक्रिया प्रारम्भ भैसकेको छ। कार्यक्रम बमोजिम मतदाताहरूको प्रारम्भिक नामावली आयोगको वेवसाइट www.election.gov.np मा प्रकाशन भएको छ। उक्त नामावलीबाट अद्यावधिक कार्य सम्पन्न भएपछि २०८२ वैशाख मसान्तमा अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ।

मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनको लागि प्रकाशित प्रारम्भिक नामावलीमा त्रुटि भएको भए सच्याउन, कुनै व्यक्तिको विरोधमा उजुरी दिनु पर्ने भए उजुरी दिन, कुनै मतदाताको एक भन्दा बढी स्थानमा नाम समावेश भएमा एक स्थानमा मात्र नाम कायम राख्न तथा मृत्यु भएका एवम् नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउन वि.सं. २०८२ वैशाख ७ गतेदेखि १४ गतेसम्म सम्बन्धित निर्वाचन कार्यालय वा अनलाइनमार्फत् निवेदन दिन सकिने व्यवस्था मिलाइएको छ। मतदाता नामावली अद्यावधिक कार्यक्रम संलग्न छ। अद्यावधिक कार्यक्रम बमोजिम अनलाइन मार्फत निवेदन पेश गर्न वा सम्बन्धित निर्वाचन कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ। उपरोक्त अनुसारको कार्यक्रमलाई सफल वनाउन सम्पूर्ण सरोकारवाला एवम् मतदाताहरूमा निर्वाचन आयोग हार्दिक अनुरोध गर्दछ।

साथै यस अवधिमा पनि नयाँ नाम दर्ता तथा अद्यावधिक कार्य निरन्तर भइरहने व्यहोरा समेत सम्बन्धित सरोकारवालाहरूका लागि जानकारी गराइन्छ।

नीता पोखरेल अर्याल
सहसचिव एवम् प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचन राष्ट्रको गौरव"
"Free and Fair Election Pride of Nation"
कान्तिपथ काठमाडौं नेपाल फोन नं (०७७-१) ५३२८६६३ फ्याक्स (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel (977-1) 5328663 Fax (977-1) 5325580
E-mail info@election.gov.np, Website www.election.gov.np